यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ८ ❍अंक ३९ ❍श्रेणी 'क' ❍२०७२ कार्तिक १६ गते सोमबार ❍ 2 Nov. 2015 ❍पृष्ठ ४ ❍मूल्य रू. ५/-

## खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोबाइल : ९८१६१०२२१६

# गर्भनिरोधक साधनको अनाधिकृत प्रयोग

## धेरै प्रयोग गरेमा स्वास्थ्यमा जटिल समस्या-विशेषज्ञ

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

कास्की र छिमेकी जिल्लाहरुमा परिवार नियोजनको आकस्मिक गर्भनिरोधक (इमर्जेन्सी) पिल्स अस्थाई साधनको दुरुपयोग बढ्न थालेको छ । नेपाल सि.आर.यस. कम्पनी र अन्य कम्पनीहरुले पछिल्लो पटक नेपाली बजारमा बिक्री वितरण गर्दै आएको छ । शिक्षा र चेतनाको विकासक्रमसँगै अहिलेको युवापुस्ताले आधुनिक विज्ञानले विकास गरेको स्वास्थ्य प्रविधि र साधाहरुको उपयोगमा अग्रसर हुन थालेका पत्रकार नरहरि पौड्याल लेख्छन् । विकासक्रमलाई पछाउने क्रममा शिक्षा र चेतनाको विकासको चरणमा भर्खर वामे सर्दै गरेको नेपाली समाजमा युवतीहरुले यस किसिमको चक्कीको निकै दुरुपयोग गर्न थालेका छन् ।

कास्कीको ढिकुरपोखरी गाविस पोखरा नगरबाट झण्डै तीस किलो मिटरको दुरीमा पर्छ । त्यहाँको कुँवर मेडिकल हलमा आकस्मिक गर्भ निरोधक चक्की किन्ने ग्राहकहरुको कमी छैन । फार्मेसीका सञ्चालक भक्त बहादुर कुँवरका अनुसार उक्त आपतकालिन गर्भनिरोधक चक्की विवाहितदेखि अविवाहितहरु समेतले किन्ने गरेका छन । नयाँ पुस्ताका शिक्षित युवतीहरुले यसको प्रयोगलाई बढवा दिएको फार्मेएसी संचालक समेत रहेका पत्रकार पौड्याल बताउँछन् । उनका अनुसार विशेष गरी आकस्मिक चक्कीको प्रयोग गाउँको तुलनामा शहर बजारमा बढी हुने गरेको पाइन्छ ।

समयको परिवर्तन, शिक्षा र चेतनाको विकाससँग केही वर्ष देखि देशका गाउँ वस्ती र शहर बजारका औषधि पसलहरुबाट आकस्मिक गर्भ निरोधक चक्की वढी मात्रमा बिक्री हुने गरेको पौड्याल बताउँछन् । यसको बढ्दो प्रयोग सँगै व्यापकमात्रमा दुरुपयोग र गलत रुपमा प्रयोग हुनथालेको सरोकार वाला र विज्ञहरुले बताएका छन् । विश्व स्वास्थ्य संगठन(डब्लुएचओ) ले आकस्मिक गर्भनिरोधक चक्कीका रुपमा लिभोनर्जेस्ट्रुल नामक हर्मोनलाई पुस्तावित गरेको छ । यो महिलाहरुले खाने आपतकालिन गर्भनिरोध हर्मोन जन्य चक्की हो । यसको प्रयोग अशुरक्षित यौन सम्पर्क भएको चार दिन भित्र अर्थात ७२ घण्टाभित्र १.५ मिलिग्रामको सिङ्गल मात्र अर्थात वैकल्पिक रुपमा महिलाहरुले ०.७५ मिलिग्रामको १२ घण्टाको फरकमा दुई मात्राका रुपमा प्रयोग गर्नु पर्ने विश्व स्वास्थ्य संगठन(डब्लुएचओ) को तथ्य पत्रमा उल्लेख गरिएका छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार आकस्मिक गर्भनिरोधक चक्की शतप्रतिशत प्रयारेन्टी नभएको र यसको गर्भ रोक्ने प्रतिक्षमता लिवोनर्जिस्ट्रलमा ५२ देखि ९४ प्रतिशतसम्म रहेको ले अशुरक्षित यौन सम्पर्क भएको जतिछिटो यसको प्रयोग गरियो त्यति नै प्रभावकारी रहने बताइन्छ ।

अहिलेकायुवा पुस्ता र विशेष गरि टिनएजरहरुले आकस्मिक गर्भनिरोधक चक्कीको प्रयोग जथाभावी रुपमा नियमित अस्थाई साधनका रुपमा व्यापक प्रयोग गरेको पाइन्छ । यस चक्की नियमित साधनका रुपमा नभई आपतकालिन गर्भनिरोधका रुपमामात्र प्रयोग गरेमा यसको फेलर रेट कम हुन सक्छ अन्यथा नियमित प्रयोग भएमा यसले नराम्रो असरहरु देखा पर्ने गर्भ निरोधको उपयोगिक्षमता नरहने पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका पोखराका प्रसुति तथा स्त्री रोग विषेशज्ञ डा. नविनकुमार श्रेष्ठ बताउँछन । उनका अनुसार यसको दुरुपयोग गरे स्वास्थ्य सम्बन्धी विभिन्न खालका असरहरु देखिन सक्छन् । हाम्रो वजारमा विभिन्न ट्रेड नाम, ब्राण्ड र डोजहरुमा उपलब्ध हुने पिल्सहरु रहेका छन् । मात्राका आधारमा एउटा मात्र चक्की एक पटकमात्र खाने र दुई ओटा चक्की भएको पिल्स प्रयोग गर्नुपर्ने भएमा पहिलो चक्की प्रयोग गरेको १२ घण्टापछि पुनः प्रयोग गर्नुपर्ने पृथ्वीचोक स्थित रहेको शुभेच्छा मेडिकल हलका सञ्चालक एवं स्वास्थ्य सहायक रीता पौडेल बताउँछिन् ।

दैनिक रुपमा विभिन्न ब्राण्डका करिब १० वटाको संख्यामा आकस्मिक गर्भनिरोधक चक्कीहरु




आफ्नो पसलबाट बिक्रर हुने गरेको उनले बताइन । उनका अनुसार नियमित रुपमा महिनाको ६ सात वटासम्म आकस्मिक चक्की लगातार प्रयोगका लागि लग्ने प्रयोग कर्तालाई यसरी नियमित चक्कीको दुरुपयोगले स्वास्थ्यमा नराम्रो असर पर्ने र गर्भ रहने सल्लाह दिने गरेको उनले बताइन ।

आजकल आकस्मिक गर्भनिरोधक चक्कीको विज्ञापन, बजार विस्तार र चेतनाको वृद्धि विकाससंग यसको प्रयोगमा व्यपकता आएको छ तर यसको व्यापक रुपमा गतल प्रक्रियाबाट प्रयोग हुने गरेका छ । आपत कालिन चक्कीलाई परिवार नियोजनको नियमित साधनका रुपमा गतल प्रयोग भएको छ भने पर पुरुष तथा पर स्त्रीहरुले बिना कन्डम अवैध यौन सम्पर्क राखेपछि गर्भनिरोधक चक्कीको प्रयोग गर्नाले भोलिका दिनहरुमा यौन रोग तथा एचआइभीको संक्रामक भयावह स्थिति देखापर्ने सम्वन्धित सरोकारवालाहरुको भनाई रहेको छ ।

प्रसुति तथा स्त्री रोग विषेशज्ञ डा. नविनकुमार श्रेष्ठका अनुसार यो चक्की आकस्मिक अवस्थामा भएको यौन सम्पर्कबाट हुन सक्ने गर्भधारणबाट बच्ने एउटा उपायमात्र हो । यसको नियमित प्रयोगले शरिरमा हर्मोनको स्तरमा वृद्धि गराई हर्मोनल सम्वन्धित विभिन्न किसिमका जटिलता देखिन सक्छ उनले भने । उनका अनुसार यो चक्कीले यौन तथा एचआइभी एड्स जस्ता यौन जन्य संक्रमणबाट जोगाउँदैन । यसको नियमित प्रयोगले हाड खिइने, क्यान्सरको समस्या, मृदु रोगमा वृद्धि र शरीरको प्रतिरोधात्मक क्षमतामा ह्रास आउने जस्ता समस्या देखापर्न सक्ने श्रेष्ठले बताए । 'आकस्मिक गर्भनिरोधक चक्कीमा उच्च मात्रमा हर्मोनको प्रयोग रहेको हुन्छ यसको जथा भावी प्रयोगले महिलाहरुमा प्रजनन् सम्वन्धी समस्याहरु उत्पन्न हुन सक्छ । महिनावारीमा अनियमितता, रक्तस्राव भईरहने जस्ता असरहरु देखापर्ने प्रवल सम्भावना रहन्छ । यस चक्कीको प्रयोग पश्चात् महिलाहरुको डिम्ववाहिनी नलीमा बहने डिम्वको उत्पादनलाई रोकेर गर्भवती हुने प्रकियालाई रोक्छ र निषेधित अण्डालाई गर्भाशयसम्म जान रोक्छ । जहाँ निषेधित डिम्ब गर्भाशयमा पुगेपछि भ्रुणको वृद्धि विकास यही गभाशयमा हुने गर्छ । यहि वृद्धि विकास हुने ठाउँसम्म जानवाट रोकेर यो पिल्सले गर्भाधान प्रकियालाई अवरुद्ध पार्दछ'-डाक्टर श्रेष्ठले भने । आकस्मिक रुपमा प्रयोग गरिने यस चक्कीको प्रयोग पश्चात् महिलाहरुमा वाकवाकी लाग्ने, वान्ता हुने, चक्कर लाग्ने, थकाई लाग्ने, टाउको दुख्ने, बीच-बीचमा रगत देखिने, ब्रेस्ट दुख्ने, रजस्वला ढिलो हुने जस्ता असरहरु देखिन सक्ने श्रेष्ठले बताए आकस्मिक गर्भनिरोधक चक्कीको विशेष प्रयोग कुनै गर्भनिरोध बिना राखिने यौन सम्पर्क, कण्डम च्यातिएको अवस्था, बलात्कार र गर्भनिरोधको प्रयोगको कन्फ्युजन भएको अवस्थाहरुमा यसको प्रयोग गर्ने उदेश्यले यस चक्तिलाई प्रयोगमा ल्याईएको भएतापनि यसको दुरुपयोग भएको पाइन्छ । यसरि नियमितरुपमा चक्कीको दुरुपयोग हुदै जानेहो भने केही समयमानै नेपालका जन्मान्तर दरमा व्यापक वृद्धि हुनुको साथै एचआईभी एड्स लगायतका यौनजन्य रोगको संख्यात्मक वृद्धि हुने विशेषज्ञहरु बताउँछन् ।

# एमालेलाई सभासद गोल्छाको चुनौती

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं १५ कार्तिक ।

सभासद राजलक्ष्मी गोल्छाले पति स्व. महेन्द्र गोल्छा स्मृति प्रतिष्ठानबाट नेकपा एमालेलाई रामै सहयोग गरेको तथ्य फेला परेको छ । महाभूकम्पका बेला राहत तथा औषधि उपचारका निम्ति सभासद गोल्छाले ७/८ करोड खर्च गरेको बताएकी थिइन् सभासद गोल्छाले महाभूकम्पका बेला विभिन्न मितिमा झन्डै पाँच करोड रुपैयाँको राहत सामग्री र औषधि खरिद गरेको प्रमाण भेटिएको छ । उच्च स्रोतबाट प्राप्त प्रमाणमा गोल्छा प्रतिष्ठानले जोगवनी भन्सार नाका, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाट ठूलो परिमाणमा सामग्री र औषधि खरिद गरेको देखिएको सेतोपाटीले जनाएको छ । मोरङ प्रशासनले जनाएअनुसार महेन्द्र गोल्छा स्मृति प्रतिष्ठानका नाममा अनुमानित पाँच करोडको सामग्री आएको छ । त्यतिबेला विदेशबाट आएको सामग्रीमा भन्सार छुट दिइएको थियो । राहत, औषधि र पुनःनिर्माणमा जुटेको जनवर्गीय संगठनले ठाउँ-ठाउँका भूकम्पपीडितकहाँ पुग्दा एमालेले नाक फुलाएको तर त्यो सामग्री कहाँबाट पुगेको थियो भन्ने चाहिँ नसोचेकोपनि राजलक्ष्मीको रोष छ । एमाले तथा नेताहरुका नाममा करोडौं रुपैयाँ दान तथा खर्च गरेको गोल्छाले बताएपछि नेकपा एमालेको सचिवालयले खण्डन गर्दै २५ हजारभन्दा वढी सहयोग नलिएको दावी गरेको थियो । एमालेले महाभूकम्पको बेलामा राहत तथा पुनःनिर्माणका लागि गठन गरेको थियो । सरकारी सिफारिसमा नेपाल आइपुगेका सामग्री युवा संघले बुझेको गोल्छाले सेतोपाटीलाई बताइन् ।

'मैले पहिले पनि भनेकी थिएँ, भूकम्पको बेला नै ७/८ करोड सहयोग गरेकी छु भनेर,' गोल्छाले भनिन्,-'युवा संघका उपाध्यक्ष गोविन्द थापा नेतृत्वको समितिमा आयात भएको राहत सामग्री दिएकी हुँ, डाक्टरहरू पनि आफ्नै खर्चमो पठाएकी थिएँ ।' २०७२ वैशाख १२ र १३ गतेको आएको विनाशकारी महाभूकम्पपछि दोस्रापटक गोल्छा प्रतिष्ठानबाट आइपुगेको सामग्री वितरणका लागि वैशाख १८ गते दृष्टको तर्फबाट उनै गोल्छाले मोरङ जिल्ला प्रशासनमा चिठी लेखेकी छिन् उक्त चिठीमा काठमाडौंका प्रमुख जिल्ला अधिकारीमार्फत कहाँ-कहाँ सामग्री पठाउनुपर्ने आफ्नो प्रतिनिधिको रोहबरमा वितरण गराइदिन अनुरोध गरिएको छ । उक्त पत्रअनुसार औषधि, खानेकुरा, ब्लाङ्केट, कटन, सेनटरी कटन ब्याण्डेज, इन्जेक्सन, ड्राइफ्रुड लगायत आएको देखिन्छ । उक्त सामग्री गोल्छा दृष्टले काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थल मा स्पाइस जेटको फ्लाइटबाट आएको देखिन्छ ।

गोल्छा प्रतिष्ठान दृष्टले महाभूकम्पपछि पहिलो पटक सहायता अर्गानाइजेशन इन्डीर भारतका डाक्टर अनिल भण्डारी मार्फत रानी भन्सार हुँदै ठूलो परिमाणमा औषधि ल्याएको थियो । उक्त औषधि काठमाडौं र भक्तपुरका घाइतेहरूको औषधि उपचारका लागि प्रमुख जिल्ला अधिकारीमार्फत वितरण गरिएको छ ।

त्यसैगरी, वैशाख १७ गते नै काठमाडौं र भक्तपुरका भूकम्प पीडितको उपचारका लागि दुई सय ग्रामको दुई सय डब्बा औषधि पठाउन दृष्टले प्रशासनमा अनुमति मागेको भेटिएको छ । उक्त औषधि पनि डा. भण्डारीमार्फते आइपुगेको पत्रमा खुलेको छ । यस्तै, मिस पूर्णा पटेल मुम्बईबाट प्रतिष्ठानका नाममा ३० वण्डल त्रिपाल राहत आएको भेटिएको छ। डब्लु वी २२बी ट्रकबाट आएको उक्त सामग्री वितरणका लागि दृष्टको तर्फबाट गोल्छाले वैशाख २५ गते मोरङ प्रशासनमा वितरणको सिफारिस मागेकी छिन् । सोही अनुसारले वैशाख २७ गते भन्सार कार्यालय रानीवाट तीस वण्डल त्रिपाल ल्याएको थियो । त्योमध्ये २७ वण्डल काठमाडौं उपत्याकामा भूकम्पपीडितका लागि वितरण गर्न पठाएको छ ।

त्यस्तै, मिस पूर्णा पटेल मुम्बईबाट दृष्टको नाममा जोगवनीको बाटो हुँदै आइपुगको सामग्री काभ्रेका भूकम्पपीडितलाई पठाइएको सिफारिस छ । त्यसबेला डिस्पोजेबल बेड सिट ३०० पिस, अल्कोहल स्वाब ५,००० पिस र फेस मास्क २,००० पिस काभ्रे पठाइएको थियो । 'भूकम्पका बेला कसले कति सहयोग गरेको छ, त्यो हामीलाई राम्ररी थाहा छ,' गोल्छाले भनिन्,-'सब विवरण हामीसँग छ नि!' आफूलाई जबरजस्ती राजीनामाको दबाव आउँदा त्यत्रो सहयोग गरेको युवा संघ नवोलेकोप्रति पनि राजलक्ष्मीले चित्त दुःखाएकी छिन् । 'मैले जे जति सामग्री ल्याएँ, गोविन्द थापामार्फत गएको छ,' उनले भनिन्,-'युवा संघ चाहिँ एमालेको हैन ?' केही दिनअघि उनले पत्रकार सम्मेलनमा महाभूकम्पको बेला दिनको २५ हजारको दरले औषधिमात्र दिने गरेको बताएकी थिइन् । 'मेरो अडिट रिपोर्टमा यो सब बुझाउनुपर्छ,' उनले भनिन्, 'एमालेले मलाई हिसाब-किताब दिदैन।' सभासद गोल्छाले युवा संघले आफूलाई बदनाम गर्न खोजेको आरोप लगाएकी थिइन् । 'कसले कति लग्यो भन्नु मेरो अधिकार हो,' गोल्छाले भनेकी थिइन्,-'पैसा पार्टीलाई सहयोग गरेकै हो, प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरेकै हो।' पत्रकार सम्मेलनमा गोल्छाले एमाले वरिष्ठ नेता झलनाथ खनालले पाँच करोड मागेको आरोप लगाएकी थिइन् । एमाले मोरङ क्षेत्र नं. १ बाट निर्वाचित सभासद ऋषि पोखरेलले चुनाव जितेपछि गाडी नै मागेको गोल्छाले आरोप लगाइन् । 'उहाँले ११ लाखजति त लगिसकनुभएको थियो, चुनाव जितेपछि पनि कति मोटरसाइकल चढुन् गाडी दिनुस् भन्नुभयो,' गोल्छाले भनिन्,-'मेरो पर्सनल गाडी कसरी दिनु भन्दिएँ, संसदीय कोषको बजेट पनि उहाँले नै चलाउनुहुन्थ्यो ।' गुन्डागर्दीमार्फत अकुत कमाएको आरोपमा सम्पत्ति शुद्धिकरणमा मुद्दा खेपिरहेका पर्शुराम बस्नेतले पनि यूवा संघको कार्यक्रममको नाममा धेरै चलाएको आरोप गोल्छाले लगाएकी थिइन् । युवा संघको कार्यक्रम तथा हिँडडुलको लागि भन्दै पचास हजारका दरले धेरैपटक पैसा लगेको गोल्छाले बताइन् ।

युवा संघका उपाध्यक्ष थापाले राजलक्ष्मीबाट भूकम्पका बेला सामान लिएको यसअघि नै स्वीकारेका थिए । एमालेले राजलक्ष्मी मार्फत सहयोग नलिएको विज्ञप्ति निकालेका सचिवालय सचिव प्रदीप ज्ञवालीसँग संवाददाताले 'भूकम्पको बेला लिएको सहयोग चाहिँ सहयोग हैन?' भनी सोधेको थियो जवाफमा ज्ञवालीले भने, 'भूकम्पको बेला मानवीय तरिकाले सहयोग गरेको हुनसक्छ, त्यसको सबै रेकर्ड छ। त्यो संस्थागत सहयोग हुनुपर्छ। हामीले व्यक्तिगत सहयोगको कुरामो खण्डन गरेका हौं'

# उपराष्ट्रपतिद्वारा शपथग्रहण

✍गोल्डेन न्यूज संवाददाता
काठमाडौं १५ कार्तिक ।

नवनिर्वाचित उपराष्ट्रपति नन्दबहादुर पुनले पद तथा गोपनियताको सपथ लिएका छन् । राष्ट्रपति भवन शितल निवासमा आइतबार सेतो दौरा सुरवाल, खैरो स्टर, कोट र कालो भादगाउँले टोपीमा सजिएका पुनले राष्ट्रपति विद्यादेवी भण्डारीसँग शहिद, राष्ट्र र जनताको नाममा सपथ लिएका हुन् । राष्ट्रपति भण्डारीले उपराष्ट्रपतिको सपथ ग्रहणको निर्धारित भाषा अनुसार ईश्वर, देश र जनताको भने पनि पुनले त्यो भाषामा उल्लेखित ईश्वरको सट्टा शहिद, राष्ट्र र जनताको नाममा सपथ लिएका हुन् । त्यसपछि उपराष्ट्रपति पुनले सपथ पत्रमा हस्ताक्षर गरेका थिए । राष्ट्रपति कार्यालयका सचिव टेकप्रसाद ढुंगानाले पद तथा गोपनियताको सपथ लिएपछि निर्वतमान उपराष्ट्रपति परमानन्द झासँग सिट नसाटी राष्ट्रपतिसँग परिचय गर्न अनुरोध गरे। त्यसपछि निर्वतमान उपराष्ट्रपति झाले आफ्नो सोफाबाट उठेर नवनिर्वाचित उपराष्ट्रपतिलाई ठाउँ खाली गर्दै मञ्चबाट बाहिरिएका थिए। कार्यक्रम सञ्चालकको अनुरोध अनुसार, त्यसपछि उपराष्ट्रपतिसँग प्रधानमन्त्री केपी शर्मा ओलीले परिचय गरेका थिए। ओलीको परिचय पश्चात पूर्व प्रधानमन्त्री, उपप्रधानमन्त्री, संवैधानिक निकायका प्रमुख मन्त्री, सचिव, राजनीतिक दलका नेता तथा सांसदहरुले उपराष्ट्रपति पुनलाई बधाइ तथा शुभकामना दिए।

# प्रेस युनियन पत्रकारिता पुरस्कार वितरणको तयारी

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

नेपाल प्रेस युनियन कास्कीले स्थापना गरेको प्रेस युनियन राष्ट्रिय पत्रकारिता पुरस्कार कात्तिक २० गते वितरण गरिने भएको छ। नेपाल प्रेस युनियन कास्कीको आईतबार बसेको बैठकले उक्त निर्णय गरेको हो । पुरस्कार पोखराका अग्रज पत्रकार गंगाधर पराजुलीलाई प्रदान गरिँदै छ । कार्यक्रमलाई सम्पन्न गर्नका लागि नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बरालको संयोजकत्वमा विभिन्न उपसमिति समेत गठन गरिएको छ । नेपाल कांग्रेसका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख तथा पूर्व सञ्चार मन्त्री मिनेन्द्र रिजाल तथा कांग्रेसका अन्य नेताहरुको उपस्थितिमा पुरस्कार वितरण गरिने प्रेस युनियन कास्कीका सचिव प्रकाशचन्द्र सापकोटाले जानकारी दिए । पुरस्कारको राशी ३५ हजार पाँच सय ५५ रुपैयाँ रहेको छ। युनियनको कास्की शाखाले स्थापना गरेको पत्रकारिता पुरस्कार एवं पत्रकार कल्याण कोषबाट पहिलो पुरस्कार पराजुलीलाई प्रदान गरिने भएको हो । पुरस्कार वितरण



कार्यक्रमको सञ्चालन गर्ने जिम्मा पनि पराजुलीलाई नै दिइएको छ । पुरस्कार वितरण समारोहलाई सफलतापूर्वक सम्पन्न गर्न गठित विभिन्न उपसमितिहरुमध्ये युनियनका कास्की जिल्ला उपाध्यक्ष माधव रेग्मीको संयोजकत्वमा अतिथि सत्कार, सचिव प्रकाशचन्द्र सापकोटाको संयोजकत्वमा प्रचार-प्रसार, सदस्य पदम श्रेष्ठको संयोजकत्वमा सम्मानपत्र/कदर पत्र तयारी उपसमिति, सदस्य विमला भण्डारीको संयोकत्वमा मञ्च सजावट र सदस्य गीता विष्टको संयोजकत्वमा जलपान व्यवस्थापन उपसमिति गठन गरिएको छ भने अञ्चल संयोजक टक अधिकारी संयोकत्वमा समन्वय तथा अनुगमन उप-समिति गठन गरिएको अध्यक्ष बरालले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । लोकतान्त्रिक मूल्य, मान्यता र आदर्श अनुरुप न्यूनतम् १५ वर्ष पत्रकारिता गरेको र युनियनको सुदृढिकरणमा योगदान दिएको पत्रकारलाई उक्त पुरस्कार दिने व्यवस्था गरिएको छ । पुरस्कार प्राप्त गर्नका लागि युनियनको सदस्य रहेर निरन्तर १५ वर्ष बिताएका हुनुपर्ने व्यवस्था पनि गरिएको छ ।

छनौट समितिको संयोजकमा नेपाल प्रेस युनियन कास्कीका सल्लाहकार पत्रकार रविन्द्र बाँस्तोला र सदस्यहरुमा नेपाली कांग्रेस कास्की क्षेत्र नं. ३ का सभापति शोभाचन्द्र बराल, नेपाल ट्रेड युनियन कांग्रेस कास्कीका अध्यक्ष कुलदेवी बराल, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य ऋषिकान्त पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका सल्लाहकार तथा नेपाली कांग्रेसका केन्द्रीय प्रचार विभागका सदस्य राजबहादुर गुरुङका साथै युनियनका कास्की अध्यक्ष शिरोमणि बराल र सचिव प्रकाशचन्द्र सापकोटा रहेका थिए ।

पराजुलीले पोखरामा रहेर झण्डै साढे दुई दशक पत्रकारिता क्षेत्रमा बिताएका छन् । हाल राष्ट्रिय समाचार समितिको बोर्ड सदस्य रहेका पराजुली पोखराबाट प्रकाशन हुने गोल्डेन न्यूज दैनिकका अध्यक्ष एवं प्रधान सम्पादक तथा सुनौलो एफ.एम.का कार्यकारी निर्देशक समेत हुन् ।

गोरखापत्र दैनिकमा २०४९ सालमा संलग्न भएपछि पत्रकारितालाई नै आफ्नो पेशा बनाएका पराजुलीसंग कान्तिपुर दैनिक, नेपाल टेलिभिजन लगायतका राष्ट्रिय संचारमाध्यमका साथै पोखरा स्थित विभिन्न छापा तथा विद्युतीय संचारमाध्यममा काम गरेको अनुभव छ । नेपाल पत्रकार महासंघको केन्द्रीय उपसभापतिका साथै नेपाल प्रेस युनियनको केन्द्रीय समितिको प्रथम उपाध्यक्ष सहित विभिन्न पदमा रहेर लामो समय पत्रकारिताको राजनीतिमा क्रियाशील पराजुलीले युनियनको कास्की शाखाको स्थापनाकालदेखि तीन कार्यकालसम्म अध्यक्ष रहेर काम गरेका थिए ।

नेपाल प्रेस युनियन कास्कीले स्थापना गरेको पत्रकारिता पुरस्कार एवं पत्रकार कल्याण कोषमा हालसम्म करिब १५ लाख रुपैयाँ संकलन भैसकेको छ । कोषबाट प्राप्त व्याजबाट पत्रकारहरुलाई पुरस्कृत गर्ने तथा आर्थिक सहयोग गर्ने लक्ष्य राखिएको छ ।

यसैगरि बैठकले अक्षयकोष स्थापनार्थ सहयोग गर्ने अक्षयकोषदाता लाई सम्मान गर्ने समेत निर्णय गरेको छ । बैठकले मसिर महिना भित्रमा कास्की शाखामा आवद्ध सबै सदस्यहरुलाई सदस्यता नविकरण गर्न समेत निर्णय गरेको छ। सदस्यता नविकरण सगै परिचय पत्रको समेत व्यवस्था गरिएको सचिव सापकोटाले जानकारी दिए । बैठक नेपाल प्रेस युनियन कास्की शाखाका अध्यक्ष शिरोमणि बरालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

वबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि स्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।



हाम्रो बाखाले सधैं बबिन टेलरिङका सिलाउनुहुन्छ
BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

- गैटो

## सम्पादकीय . .

# नाकाबन्दी बारे किन मौन ?

प्राय: सबैको घरअगाडि सार्वजनिक सडक हुन्छ । तर कसैले मेरो घर अगाडिको बाटोमा अरूलाई हिंड्न दिँदैन भन्यो भने त्यसको परिणाम के होला ? जवाफ सहज छ-निहीत स्वार्थका लागि सार्वजनिक सडक बन्द गर्ने व्यक्तिमाथि निसन्देह कानुनी कारवाही हुन्छ र तत्काल सडक सुचारु गरिन्छ । यो एउटा समाजभित्र व्यक्तिको कुरा भयो । विश्व समाजभित्र देशको कुरा पनि यस्तै हुन्छ । कुनै पनि देशले अर्को देशसम्म जाने सार्वजनिक सडकमा आवागमन बन्द गर्‍यो भने उसमाथि निःसन्देह कानूनी कारवाही हुनुपर्ने हो तर भारतले झण्डै डेढ महिनादेखि नेपालविरुद्ध नाकाबन्दी लगाउदा पनि अन्तर्राष्ट्रिय मञ्चमा त्यति साह्रो कुरा उठेको छैन । यसमा नेपाल सरकार नै मुख्य दोषी छ, जसले नाकाबन्दीजस्तो गम्भीर र संवेदनशील घटनालाई अन्तर्राष्ट्रियकरण गर्न सकिरहेको छैन । सरकार फेरबदललगायतका देशका घटनाले यसमा असर परेको भन्न सकिएला तर प्रधानमन्त्री र मन्त्रीहरु फेरिए पनि सरकार यथावत छ । सरकारको नेतृत्वमा जुन व्यक्ति आए सरकार अविच्छिन्न उत्तरदायकारीवाला संस्था भएकाले देशभित्र हुने कुनैपनि घटनाक्रमले देशको सार्वभौमिकता र जनजीविकाको सवालको प्रत्यक्ष असर पर्ने कार्यसूचीमा फेरबदल आउनुहुँदैन । त्यसैले भारतले गरेको नाकाबन्दीलाई अन्तर्राष्ट्रियकरण गरेर अन्तर्राष्ट्रिय मञ्चबाट कानूनी सहायता प्राप्त गर्ने सबालमा नेपालले जुन गतिका साथ पहल गर्नुपर्ने हो, त्यसमा कमजोरी भएको छ । नाकाबन्दीको समस्या हरेक व्यक्ति हुँदै भान्सासम्म छिरिसकेको छ । पेट्रोलियम पदार्थको अभावले जनजीवन कष्टकर भएको छ भने ग्यासको अभावमा भान्सा बन्द हुने खतरा बढेको छ । यही बहानामा अन्य विभिन्न क्षेत्रमा अभाव र कालोबजारी शुरु भएको छ । भारतीय नाकाबन्दीपछि इन्धन आपूर्तिको विकल्प खोज्ने सबालमा सरकारले चीनसंग सम्झौता गरेर एउटा सफलता त पाएको छ तर भारतीय रवैयालाई अन्तर्राष्ट्रियकरण गरेर न्याय खोज्ने सबालमा नेपाल सरकार चुकेको छ । यही कमजोरीलाई मध्यनजर गरी सर्वोच्च अदालतले भारतबाट भएको नाकाबन्दीलाई अन्तर्राष्ट्रियकरण नगर्नको लिखित कारण पेश गर्न सरकारका नाममा आदेश जारी गरेको छ । नाकाबन्दीका कारण पुरै देश संकटमा पर्दा पनि त्यसबारे मौन बस्नु अनुचित भन्दै परेको रिटमाथिको सुनुवाइमा सर्वोच्चले सरकारलाई आदेश गरेको हो । युद्धमा समेत रोक लगाउन नपाइने मानवीय आवश्यकताका सामग्रीहरु एलपि ग्यास, डिजेल, पेट्रोल, औषधि, हवाइ इन्धनलगायतका पदार्थ नेपालले किनेर ल्याउँदासमेत भारतले रोक लगाउदा सम्मानपूर्वक बाच्न पाउने मानवअधिकारको अन्तर्राष्ट्रिय सिद्धान्तमा गम्भीर उल्झंघन भएकोप्रति अदालतले चासो देखाएको छ । त्यसो त संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले समेत यसमा चासो देखाएको छ । आज सोमबारदेखि सुरक्षा परिषदमा नेपालको आपूर्ति संकट र यसले सिर्जना गरेको मानवीय समस्यावारे छलफलसमेत हुने बताइन्छ । यो महत्वपूर्ण अवसरलाई नेपालले गुमाउनुहुँदैन । कूटनीतिक तीव्रता बढाएर राष्ट्रसंघ सुरक्षा परिषदको बैठकमा नेपालको यथार्थ अवस्था पुर्‍याउने काम गरिनुपर्दछ । सुरक्षा परिषदको सदस्यताका लागि प्रयत्नरत भारतले छिमेकीहरुसंग गरिरहेको यथार्थ व्यवहार त्यहाँ पुर्‍याउने यो महत्वपूर्ण अवसर हो । नेपाल यथेष्ट प्रमाणसहित राष्ट्रसंघको सुरक्षा परिषद्मा जाने हो भने भारतीय पक्ष झुक्न बाध्य हुनेछ । नेपालले सार्क मुलुकको अध्यक्षता समेत गरिरहेको छ । राष्ट्रसंघदेखि सार्कस्तरसम्म भएका तमाम सन्धि सम्झौता मात्र होइन स्वयं भारतीय संविधानमा समेत उल्लेख भएका अधिकार भारतले एकपक्षीयरुपमा हनन् गरिरहेको छ । चाहे सन् १९६५ को भूपरिवेष्टित राष्ट्रहरूको पारवहन व्यापारसम्बन्धी न्यूयोर्क महासन्धि होस् चाहे सन् १९८२ मा राष्ट्रसंघले पारित गरेको सामुद्रिक स्वतन्त्रतासम्बन्धी महासन्धि । चाहे सन् १९६७ मा भएको मानव जातिको साझा सम्पदासम्बन्धी महासन्धि होस् चाहे स्वयं भारतीय संविधान । सबैले भूपरिवेष्टित देशको पारवहन अधिकार सुनिश्चित गरेका छन् । सामुद्रिक किनारा नभएको देशले सामुद्रिक किनारा भएका देश हुँदै समुद्रसम्म पुग्ने अधिकार पाएका छन् । त्यसैले भारतले नेपालसम्म वस्तु आउन दिनु कुनै दान र दयाको सवाल होइन, यो त हाम्रो अन्तर्राष्ट्रिय कानूनप्रदत्त अधिकार हो । यो अधिकार लिन नेपाल गहिरो अध्ययन र यथेष्ट प्रमाणसहित अन्तर्राष्ट्रिय मञ्चमा तत्काल जान जरुरी छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल कार्तिक १५ गते सोमबार, तदनुसार नवेम्बर २ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णपक्षको षष्ठी तिथि ११ घटि ९ पला अर्थात बिहानमा १० बजेर ४२ मिनेटसम्म त्यसउप्रान्त सप्तमी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ४३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १४ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १९ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष :** आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ ।

**वृष :** आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर प्राप्त होला ।

**मिथुन :** गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबडी आउन सक्नेछ ।

**कर्कट :** पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ रहनेछ ।

**सिंह :** सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

**कन्या :** विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

**तुला :** मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला ।

**वृश्चिक :** आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला ।

**धनु :** सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

**मकर :** यश कृर्ति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन, दिन सुखद, समय महत्वपूर्ण रहनेछ ।

**कुम्भ :** चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराब रहेको छ ।

**मीन :** टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# संविधान कार्यान्वयनमा कांग्रेसको भूमिका

**देवराज विश्वकर्मा**

नेपाली जनताको अत्यन्त उत्कण्ठाको विषय नेपालको संविधान जारी भयो । २०७२ साल असोज ३ गते बेलुका नेपालका प्रथम निर्वाचित राष्ट्रपति डा. रामबरण यादवले संविधान जारी भएको घोषणा गर्ने अन्तिम क्षणसम्म जुन संशय, त्रास र आशंकालाई चिर्दै एकता प्रदर्शन गरे दलका नेताहरुले त्यसपछि जनताको उत्साह, उमंग र आशा यति चुलिएको थियो कि त्यो क्षणभरमै पानीको फोकासरह बिलायो । खोलो तरयो लौरो बिस्यो भनेझैं हिजो कांग्रेसको सरकार गठन गर्दा प्रस्तावक बनेका एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा सरकार बनाउनुपर्ने दिन जति नजिक आयो त्यति कांग्रेसले सहमतिबाट टाढा भाग्ने काम गर्‍यो । एमालेकै सहयोगमा डा. रामबरण यादवलाई राष्ट्रपति बनाएको बिर्स्यो । सुशील कोइरालालाई प्रम बनाउ'दा एमालेले सहयोग गरेको भुल्यो र असारमा आंखा फुटेको गोरुले सधै हरियो देख्छ भनेझैं लोकतन्त्रको रटान लगायो र जति बेला पनि चुनाव देख्यो । देशको विषम परिस्थिति देखेन । कम्तिमा आउने संघ, प्रदेश र स्थानीय निकायको चुनाव होउञ्जेल एमाले, कांग्रेस र एमाओवादीका बीचमा सहकार्य र प्रतिस्पर्धी हुनुपर्छ भन्ने कुरा हेक्का राख्न सकेन ।

मुलुकमा संवैधानिक व्यवस्थाअनुसार यति ठूलो परिवर्तन भइसक्यो कि यो युगीन छ, अभूतपूर्व छ । हामीले सोचेको नपुगेको होला तर विश्वका उत्कृष्टतम संविधानमध्ये यो पर्दछ । यो आफैमा सारा नेपालीको गौरवको विषय हो । यो गौरव नेपालीले अनुभूत नगर्नु विडम्बना नै मान्नुपर्छ । महिला, दलित, आदिवासी, जनजातिहरुले भनेजस्तै नभए पनि अहिलेसम्म कहिल्यै नभएको व्यवस्था त संविधानमा छ नि ? आज व्यवस्था भएको कुरालाई उपलब्धि ठानेर बा'की थप प्राप्तिका लागि लाग्नु, चल्नु नै बुद्धिमानी हुन्छ । जहा'सम्म मधेशी जनताको कुरा छ त्यो वास्तविक पिछडिएका तराईवासी जनताले चलाएको आन्दोलन हो या कथित आन्दोलन हो भन्ने कुरा जगजाहेर छ । दुनियाले देखेका छन् कि आन्दोलन के का लागि कुन औचित्यका लागि भन्ने कुरा त प्रष्टै छ । पहिलेको माग के थियो अहिलेको माग के छ भन्ने कुरा घामजस्तैकै छलङ्ग छ । समानुपातिक प्रतिनिधित्वको माग जायज नै छ । अंगीकृत नागरिकता लिएका व्यक्तिहरु राज्यका सबै अंगका लागि योग्य हुन सक्दैनन् । त्यसो हु'दा हो त नागरिकता नै जरुरी पर्ने थिएन । नेपालको व्यक्ति अमेरिका गएर राष्ट्रपति बन्न असम्भव छ । त्यसरी नै भारतीय, चिनियां वा अन्य कुनै देशका नागरिकहरु नेपालमा आएर बसोबास, व्यापार, चुन्ने, चुनिने अधिकार प्राप्त गर्न सक्छन् तर अपवादलाई छाडेर । अपवाद भनेका प्रम, मुख्यमन्त्री र राष्ट्रपति हुन सक्दैनन् । सीमा (प्रदेश) हेरफेर गर्ने कुरा आजै सबै कुरा दुंगो हुन सक्दैन । सीमा सम्बन्धी विज्ञहरुको आयोगले अन्तिम सिफारिस गर्ने र राजनीतिक नेतृत्वले निर्णय गर्नुपर्ने सिद्धान्ततः सहमत भएपछि हतारो केन्द्रित दलहरुले असन्तुष्टि जनाउनुपर्ने केही कुरै छैन । आज अन्तिम वार्ता हुने र अभै सशक्तढंगले आन्दोलन गर्ने चेतावनी दिइरहेका छन् । यति धेरै सास्ती जनतालाई दिइसकेपछि अब थप दिनुपर्ने नै के छ र ?

देशको अर्थतन्त्र डामाडोल भइसक्यो । असीम जनधनको क्षति भइसक्यो । तराईका अबोध जनता र झण्डै दर्जनजति सुरक्षा निकायका मान्छेको ज्यान गइसक्यो । एम्बुलेन्ससमेत चल्न नपाएर कतिको ज्यान गयो त्यसको हिसाब छैन । विद्यार्थीहरुको पढाई चौपट भयो । विकासको काम अवरुद्ध छ । यो भन्दा अर्को मुलुकका लागि के नोक्सानी हुन्छ ? मधेशको नाममा कतै नेपाली जनतालाई सुकाएर मार्न खोजिएको हो कि ? किसानहरुले खेतबारीमा मल प्रयोग गर्न पाएका छैनन् तर सीमामा ६ लाख बोरा डिएपी र युरिया मल प्रयोगहीन हुने सम्भावना छ । प्रत्येक समथर नेपाली भू-भाग अमूक समुदाय वा जातिका मानिसहरुलाई विशेष अधिकारका रुपमा दिदै जाने हो भने के नेपाल नामको अस्तित्व रहला त ?

पहिलो संविधानसभा निर्वाचन बाट बनेको संविधानसभालाई छोडेर दोस्रो संविधानसभाको कुरा गर्ने हो भने कांग्रेसलाई कुन ठाउ'मा एमालेले साथ दिएन ? कांग्रेसका सच्चा राष्ट्रवादी, लोकतन्त्रवादी, इमान र निष्ठाको राजनीतिलाई आदर्श ठान्ने कार्यकर्ता-नेताहरुको शिर नरासरी झुकेको छ । कांग्रेस नेतृत्वका कारणले असीम कार्यकर्ताले लज्जाबोध गरिरहेका छन् । यस्तो लज्जाबोध व्यक्तिगत विषयमा पनि गर्नुपर्ने थिएन सायद । आवरणभित्र अनेकौं चलखेल छन् र क्रमशः ती खेलहरु पनि पटाक्षेप हु'दै जालान् । संविधान बनेको एक मिनेटभित्र राजीनामा दिन्छु भन्ने सुशील कोइराला पुनः उही पदका लागि किन त्यसरी मरिहत्ते गरे ? इण्डियन 'रअ' किन त्यसरी ९३ करोडको शक्तिसहित सुशीललाई जिताउन र केपीलाई हराउन लाग्यो ? जे होस् संविधान जारी गर्ने सबालमा सारा नेपालीले एकताबद्ध भएर भारतीय आकांक्षाको प्रतिवाद गरे । दोस्रो प्रधानमन्त्री चुन्ने काममा पनि भारतीय आकांक्षालाई त्यसरी नै पराजित गर्नुपर्थ्यो त्यो मामिलामा कांग्रेस भारतसामु लम्पसार पर्‍यो र पनि नेपाली जनताको जित नै भयो । प्रत्येक पटक नेपालेलाई डस बनाउने भारतीय आकांक्षा हार खा'दैछ । नेपाली राजनीतिले आफै केही गर्न सक्दैन सबै दिल्लीको आशीर्वादअनुरुप नै हुन्छ भन्ने भ्रमलाई चिर्दै स्वतन्त्र र सार्वभौम नेपालले सबै आफ्ना आवश्यकता आफै अनुकूलताम पूरा गर्न सक्छ भन्ने मूल्य स्थापित भएको छ । एक पटक नेपाली जनताको स्वाभिमान चुलिएको छ ।

२०४८ सालदेखि केही अल्पकालीक अपवादलाई छोडेर अनवरतरुपमा कांग्रेस सत्तामा छ । यदि कांग्रेस आदर्शका लागि प्रतिपक्ष बनेको हुन्थ्यो भने पर्ख र हेरको नीतिमा हुन्थ्यो । केपी ओली प्रधानमन्त्री बनेको एक महिना नपुग्दै सरकार चल्न नदिने धम्की दिन थालिसकेको छ । सत्ता बाहिर भएको एक महिना नपुग्दै औडाहा शुरु भइसक्यो । बुद्धि पुर्‍याएको भए, विदेशीको गुलाम नबनेको भए राष्ट्रपति सहित कांग्रेस स-सम्मान सरकारमा हुन्थ्यो । तर विडम्बना भारतले देखाएको हरियो घा'समा कांग्रेस लोभियो र इतिहासमा कहिल्यै क्षमा दिन नमिल्ने गर्तमा डुब्यो ।

नया' संविधानअनुरुप काम गर्न झण्डै तीन सय कानूनहरु निर्माण गर्नुपर्छ । ती कानून निर्माण गर्न दुई तिहाईका लागि कांग्रेस सकारात्मक हुनैपर्छ । यदि कांग्रेस सहमत नभए नया' संविधान अनुरुपका कानून निर्माण हुन असम्भव छ । आफ्नै नेतृत्वमा निर्माण गरेको संविधान निष्प्रभावी बनाउन भूमिका खेल्ने वा कानून निर्माण गरे भोलि सरकारमा आउन सकिन्छ भन्ने धारणा राख्छ त्यो हेर्न बा'की छ । चुनाव भए प्रतिस्पर्धा हुने त एमाले, कांग्रेस र माओवादीकै बीचमा हो ।

कानून निर्माण गर्नु संविधान कार्यान्वयन गर्नु हो । कानून निर्माण गर्न एमाले एमाओवादीलाई कांग्रेसले सघाएन भने आफैले बनाएको संविधानको बर्खिलापमा छ भन्ने बुझ्न अप्ठेरो हुने छैन । एमालेको हातमा बागडोर भएको हुनाले अग्निपरीक्षामा छ त्यो भन्दा धेरै परीक्षा कांग्रेसले उत्तीर्ण हुनुपर्नेछ किनकि विदेशीको उक्साहटमा उसले सहमतिको राजनीति भा'डेको छ । देशमा अस्थिरता ल्याउन पृथकतावादीहरु लाई उचालेको आरोप पनि पखाल्नुपर्नेछ । संविधानसभामा पहिलो भएको दललाई एमालेले प्रतिस्पर्धी नठानेर सबै पदका लागि प्रस्ताव गर्‍यो तर दोस्रो दल एमालेलाई प्रतिस्पर्धी ठानेर सत्तामा जानबाट रोक्न खोजेकै हो । राजनीति भनेको छलछाम हो भन्ने पुरानो मानसिकताबाट उठेर कांग्रेसले राजनीतिक सुसंस्कृति भित्र्याउने प्रवेशद्वारका रुपमा आफूलाई सच्याउ'छ कि सच्याउ'दैन । संविधान कार्यान्वयन त्यसैमा निर्भर छ ।

साभार : नवयुगबोध

# संघीय गणतान्त्रिक जनमुक्ति पार्टीको भण्डारफोरसभा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**

संघीय गणतान्त्रिक जनमुक्ति पार्टी तमुवान मगरात राज्य परिषदको आयोजनामा पोखरामा आइतवार भण्डाफोर कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि जनमुक्ति पार्टीका केन्द्रीय वरिष्ठ सहअध्यक्ष परशुराम तामाडले देश अत्यन्तै जोखिम अवस्थामा रहेकाले आम नेपालीलाई सडकमा ओर्लन आग्रह गरे । नेपालका ७० प्रतिशत आदिवासी जनजाति र मधेशीको अधिकार विहीन तथा जबरजस्त केवल खस आर्य समुदायगत संविधान जारी गरी मुलुकलाई जोखिममा पुर्‍याएकाले जनताको अधिकारमुखी आन्दोलनको सुनुवाई नगर्ने सरकारका विरुद्ध जनतालाई सडकमा आउन उनको आग्रह थियो ।

मधेशी र थारु आन्दोलन कारीहरुबाट नाकाबन्दी गरिएकोमा नाकाबन्दीलाई नेपाली जनताको आन्दोलनको असर नदेख्ने सरकारले लाज पचाउन मिडिया र केही बुद्धिजिवी भनाउदोहरुलाई भारतलाई दोषारोपण गरिरहेको उनको आरोप थियो । कार्यक्रममा संघीय गणतान्त्रिक जनमुक्ति पार्टीका उपाध्यक्ष अमरध्वज लामा, मगरात इञ्चार्ज हस्तबहादुर थापा, तमुवान इञ्चार्ज मानधोज गुरुङ, युवा मोर्चाका केन्द्रीय अध्यक्ष बमबहादुर दलामी, तमुवान संयुक्त संघर्ष समितिका संयोजक हुमबहादुर गुरुङ, नेपाल मगर संघ तनहुँका अध्यक्ष झकबहादुर थापा, जनमुक्ति पार्टीका संघीय परिषद सदस्य पुरनध्वज गुरुङ, पार्टीका तनहु अध्यक्ष मन्धरी आले, कास्की अध्यक्ष ओमबहादुर श्रीस मगर, तमुवानका अभियन्ता देवबहादुर गुरुङ लगायतले मन्तव्य व्यक्त गर्दै अधिकार, पहिचान विहिन संविधानका नमान्ने, देशैभर भएका आन्दोलनको सम्बोधन र देशमा भई रहेको पेट्रोलियम पदार्थ लगायतको सहज आपूर्ति गर्न सरकारसँग माग गरेका थिए । संघीय गणतान्त्रिक जनमुक्ति पार्टी मगरात राज्य परिषदका अध्यक्ष इन्द्रबहादुर मास्की मगरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत क्या.नरबहादुर ठाडा मगर र संचालन महासचिव टेकबहादुर वीरकटुठा मगरले गरेका थिए । भण्डाफोरसभा अघि लखनचोकबाट शुरु भएको रयाली सभागृहचोक, न्यूरोड, विपी चोक चिप्लेढुंगा हुदै मानवअधिकार चोकमा पुगेको थियो ।

यसैबीच पहिचानसहितको संघीयता, अधिकार सहितको तमुवान प्रदेशको माग गर्दै आन्दोलनरत तमुवान संयुक्त संघर्ष समिति तमुवान प्रदेशले तराई मधेशमा आन्दोलनरत मधेशी र थरुहट आन्दोलनको ऐक्यबद्धताका लागि कात्तिक २० गते तमुवानको राजधानी पोखरामा प्रदर्शन गर्ने भएको छ । तमुवान संयुक्त संघर्ष समितिद्वारा आयोजित परामर्श भेलाबाट प्राप्त सुझावलाई आत्मसात गर्दै संघर्ष समितिले अधिकार र पहिचानसहितको तमुवान प्रदेशको माग, मधेश थहरुहट आन्दोलनको ऐक्यबद्धता र पेट्रोलियम पदार्थ, खानापकाउने ग्यास लगायत उपभोग्य सामग्रीको सहज आपूर्तिको माग गर्दै पोखरामा जनप्रदर्शन गर्ने निर्णय गरेको हो ।

# साहित्यकार आहातलाई मातृशोक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**

पोखराका साहित्यकार राजेन्द्र चापागाईं 'आहत' लाई मातृशोक परेको छ । आहतकी आमा गौरी चापागाईंको शनिवार राति ९:३० बजे जेठा छोरा कृष्ण चापागाईंको छोरेपाटनस्थित घरमा ८५ वर्षको उमेरमा निधन भएको हो । उहांको आइतबार पोखराके रामघाटमा अन्तिम दाहसंस्कार गरिएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

दमको रोगबाट पीडित उनी राति खाना खाएर सकुशल सुतेकोमा दम बढेर मृत्यु भएको परिवारले जनाएको छ । स्याङ्जामा वि.सं. १९८८ कार्तिक ६ गते जन्मिएकी उनी २०५४ गाविसको गाउँ विकास समितिको सदस्य समेत भएका थिए । राजनीति र समाजसेवामा लागेकी उनलाई धर्मस्थली सहकारीले सम्मान गरेको थियो । स्वर्गीय चापागाईंका च्याण्डम रिडर्स सोसाइटी अफ् नेपालका संस्थापक अध्यक्ष हुनुका साथै विभिन्न साहित्यिक र सामाजिक संस्थामा क्रियाशील साहित्यकार तथा प्राध्यापनमा लागेका राजेन्द्र चापागाईं 'आहत', र कृष्ण चापागाईं गरी दुई छोराहरु हुनुहुन्छ भने कान्छा छोरा दीपक चापागाईंको यसअघि नै मृत्यु भइसकेको छ । उनका पति भवानीप्रसाद चापागाईंको पनि मृत्यु भइसकेको छ ।


"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वस्तुमा तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०८८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्को साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश भन्दै रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेनतिल।
सबै रोग भगाउने हिमालयन विधिबाट तयार गरिएको शुद्ध जडिबुटी मौरीजन्य औषधि
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्री होम डेलिभरी

प्रो. वद्री के.सी. : ५८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ५८५६०३९८७२
प्रो. राजेश के.सी. : ५८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी नउदाँदी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाह कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चाया पोतो, डण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्ली पातली शरिरको तौल चाडैनै साथै मोनी पन चढाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-५२२५५५८, मो. ९८४६१३७४९८
फ्री होम डेलिभरी



गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०१.१ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

# साहित्यकार असफल गौतम काठमाडौंमा सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

स्याङ्जा जिल्लामा जन्मिएर पोखरालाई कर्मथलो बनाइ पत्रकारिता र साहित्य क्षेत्रमा क्रियाशिल असफल गौतम काठमाडौंमा सम्मानित एवं पुरस्कृत भएका छन् । विशेषगरि हाइकु विधामा लामो अनुसन्धान र कलम चलाउँदै आएका उनी पाँच हजार नगद पुरस्कार र सम्मानपत्र सहित सम्मानित भएका हुन् । असफल हाल पोखराको आदर्श समाज दैनिक र विभिन्न साहित्यिक संघ-संस्थामा आबद्ध छन् । उनी स्रष्टा साहित्य चौतारी सम्मानबाट सम्मानित भएका हुन् । कार्यक्रममा उनीसँगै अन्य ५ स्रष्टाहरू समेत सम्मानित भएका छन् । काठमाडौंमा हालै आयोजित एक समारोहका बीच असफल सहित अन्य ५ स्रष्टाहरूलाई सम्मान गरिएको हो । साहित्य संगालो डटकमले सञ्चालन गर्दै आएको स्रष्टा साहित्य चौतारी सम्मानबाट यस वर्ष साहित्यका विभिन्न लघु विधामा कलम चलाउने असफल सहित अन्य ५ स्रष्टाहरू सम्मानित भएका हुन् । यसरी सम्मानित हुनेहरूमा हाइकु विधामा असफल गौतमसहित कविता विधामा अर्घाखाँचीका असिम सागर राई, गीत विधामा



पोखराका गीतकार सरस्वती श्रेष्ठ सरू, गजल विधामा काठमाडौंका आनन्द श्रेष्ठ, कोँइचे मातृभाषी लेखनमा ओखलढुङ्गाका उत्तम कुमार सुनुवार र रेगिस्तानी कवि तीर्थ संगम राईलाई सम्मानपत्र र नगद पाँच हजारसहित सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि प्राज्ञ श्रवण मुकारूङ, अतिथिहरू निवन्धकार युवराज नयाँघरे, विश्व नेपाली साहित्य महासंघका संस्थापक अध्यक्ष विश्वासदीप तिगेला, महासंघका महासचिव लक्ष्मी राई लारा, नेपाल मुक्तक प्रतिष्ठान नेपालका महासचिव रमेश पौडेललगायतले सम्मान गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि प्राज्ञ मुकारूङले अधिकांश संघसंस्थाहरूले वितरण गर्ने सम्मान कोही टाउका ठूला टोपी साना, कोही टाउका साना टोपी ठूला जस्ता संयोजन नमिलेका देखिने गरेको अवस्थामा साहित्य संगालोले गरेको सम्मान उत्कृष्ट रहेको बताए । उनले भने-'प्रज्ञा प्रतिष्ठान जस्तो ठाउँमा सम्मान र पुरस्कारका लागि राजनीति र भाइबन्धु हुने गरेकोमा मलाई चिन्ता छ, सम्मान र पुरस्कार वितरणमा खिचातानी गर्नु हुँदैन, उचित संयोजन हुनुपर्छ ।' कार्यक्रममा सम्मान अर्पण गर्ने अतिथिहरू युवराज नयाँघरे, विश्वासदिप तिगेला, लक्ष्मी राई लारा, रमेश पौडेल, सम्मानित स्रष्टाहरू असिम सागर राई, असफल गौतम, सरस्वती श्रेष्ठ सरू, आनन्द श्रेष्ठ, मातृभाषी लेखक उत्तम कुमार सुनुवारसहित इन्द्रमणि नेपालले आफ्नो मन्तव्य राखेका थिए । कार्यक्रममा बोल्दै पुरस्कारका संस्थापक केदार सकेतले विश्वभरी जहाँ रहेर पनि नेपाली भाषा साहित्यको उत्थानमा लाग्ने स्रष्टाहरूलाई प्रोत्साहन गर्ने लक्ष्यले सम्मान वितरण गरिएको बताए । काठमाडौंको होटल स्वागत बागबजारमा सम्पन्न कार्यक्रमको सञ्चालन साहित्यकार सागर श्रेष्ठले गरेका थिए ।

# पोयुसापको शिरोमणि पुरस्कार खत्रीलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

पोखरेली युवा सांस्कृतिक परिवारले वाङ्मयिक क्षेत्रमा क्रियाशील स्रष्टालाई दुई दुई वर्षमा प्रदान गर्ने शिरोमणि पुरस्कार-२०७२ बाट नेपाली ललितकला क्षेत्रका सुप्रसिद्ध मूर्तिकार ओम खत्रीलाई सम्मान गर्ने निर्णय गरेको छ । मूर्तिकार खत्रीले विगत दुई दशकदेखि ललितकला अन्तर्गत मूर्तिकलाका क्षेत्रमा महत्वपूर्ण योगदान गरेको र नेपाली मूर्तिकलालाई अन्तर्राष्ट्रिय जगतसम्म पुऱ्याएकाले पुरस्कार छनौट समितिले उनलाई सिफारिस गरेको हो । प्रतिभा छनौट समितिमा वरिष्ठ कलाकार दुर्गा बराल, कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, संगीतकार कृष्णबहादुर श्रेष्ठ, संस्थाका अध्यक्ष सुरेश रानाभाट र सचिव अर्जुन अधिकारी रहेका थिए । राष्ट्रिय स्तरमा साहित्य, कला र संगीतका क्षेत्रमा विशिष्ट योगदान दिने एक जना स्रष्टालाई प्रदान



गरिदै आएको यो पुरस्कार छुट्टै महत्व बोकेको राष्ट्रिय स्तरको पुरस्कार हो ।

यसअघि शिरोमणि पुरस्कारबाट मुक्तिनाथ शर्मा, अलिमियाँ, दुर्गा बराल, सर्वज्ञमान प्रधानाङ्ग, सरुभक्त, देवीप्रसाद वनवासी, गोविन्दबहादुर कुँवर, तेजनाथ घिमिरे, तीर्थ श्रेष्ठ, प्रेम छोटा र अमृत गुरुङ सम्मानित भइसकेका छन् । यहि कार्तिक २१ गते शनिवार पोखरामा कार्यक्रम गरी प्रदान गरिने पुरस्कारको राशी नगद १५ हजार रुपैयाँ, ताम्रपत्र र दोसल्ला रहेको परिवारका अध्यक्ष सुरेश रानाभाटले जानकारी दिए । वि.सं. २०२६ साल पुस ६ गते गल्कोट हटिया ४ बाग्लुङमा जन्मेका खत्रीले मूर्तिकलामा त्रिभुवन विश्वविद्यालय बाट प्रथम श्रेणीमा स्नातक र दिल्ली विश्वविद्यालयबाट भारतबाट प्रथम श्रेणीमा प्रथम भइ स्नातकोत्तर तहसम्मको औपचारिक कला शिक्षा लिएका छन् । उनकै अगुवाईमा हेटौंडा, बुटवल र पोखराको कोमागाने पार्कमा मूर्तिहरु स्थापना गरिएका छन् । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्व मूर्तिकला विभाग प्रमुख, त्रिभुवन विश्वविद्यालय मूर्तिकला विभागका विषय समति सदस्य समकालीन नेपाली मूर्तिकला संघ आरम्भका अध्यक्ष खत्रीले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा दर्जनौ पटक कला प्रदर्शनी गरेका छन् भने २५ औं राष्ट्रिय कला प्रदर्शनी २०६० मा प्रथम, अरनीको युवा कला पुरस्कार स्वर्ण पदक सहित र दिल्ली विश्वविद्यालय भारतबाट मूर्तिकलामा सर्वोत्कृष्ट पदकबाट सम्मानित भइसकेका छन् ।

# स्वरेकमा एम्बुलेन्स संचालन गर्न सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

स्याङ्जाको पर्यटकीय ठाउँ स्वरेकमा एम्बुलेन्स सञ्चालनको लागि शुरु गरिएको अभियानमा चौतर्फी सहयोग जुट्दै गएको छ । नमुना स्वरेक सामाजिक कोष द्वारा सञ्चालन गरेको अक्षयकोष निर्माण अभियानमा स्वरेक घर भई विदेशमा रहने हुन वा छिमेकी गाविसका युवाहरु सबैले सक्दो सहयोग गरिरहेका छन् । यसैबीच स्वरेक वडा नं. ९ चापपानी घर भई हाल अफगानिस्थानमा कार्यरत सोभित मल्ले नगद ५० हजार सहयोग गर्ने घोषणा गरेको अभियानका सह संयोजक जिवन पौडेलले जानकारी दिए । मल्लेले अभियानको सफलताको कामना गर्दै सहयोग गर्ने घोषणा गरेको पौडेलले बताए । यस्तै स्वरेक वडा नं. ३ जुवान खोला गिरबासे घर भई हालसम्मनमा कार्यरत अभियानका ओमन संयोजक समेत रहेका नारायण पंगेनीले २० हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेको अभियानका संयोजक भेषराज पराजुलीले बताए । अभियानमा स्वरेक ४ धनपुरे घर भई हाल मलेसीयामा कार्यरत अभियानका मलेसीया संयोजक हरि प्रसाद पराजुलीले १५ हजार सहयोग गर्ने घोषणा गरेका छन् । उनीहरुले गरेको सहयोग संगै अक्षयकोषमा घोषणा गरेको रकम ७ लाख ३१ हजार पुगेको छ । अभियानका संयोजक भेषराज पराजुलीले २० लाखको अक्षयकोष निर्माण गरेर स्वरेकमा एम्बुलेन्स सञ्चालन गर्ने सोचका साथ शुरु गरिएको अभियानमा सबैको साथ र सहयोग मिल्दै गएको बताएका छन् । स्वरेकको महत्वपूर्ण अभियान भएकोले यो बेला कस्ले के गरेको छ भन्दा पनि हामी के गर्न सक्छौं भनेर लाग्ने बेला भएको बताए । स्वरेक साहसिक प्यारालाईडिङ तथा धार्मिक क्षेत्रको रुपमा पनि प्रख्यात छ । स्वरेक उत्पादनको हिसाबले पनि स्याङ्जाको मत्वपूर्ण ठाँउको रुपमा आफूलाई चिनाउन सफल भएको बताउदै स्वरेकमा एम्बुलेन्स सञ्चालन पनि एक नमुना कार्य हुने आफूहरुको ठहर रहेको पराजुलीले बताए । एम्बुलेन्स खरिद गर्नु मात्रै नभएर एम्बुलेन्स लाई दिगो रुपमा सञ्चालन गर्नको लागि अक्षयकोषको ब्याजबाट पनि सहयोग पुगोस भन्ने उद्देश्यले अक्षयकोष केही बृद्धि गर्न खोजेको पत्रकार एवं अभियानका प्रचार प्रसार संयोजक घनश्याम पाण्डेय बताए । पाण्डेयले आफूहरुले स्वरेकमा गुड्ने एम्बुलेन्स देशकै लागि उदारणीय हुने तरिकाले सञ्चालन गर्ने सोच रहेको बताए ।

# संगम सहकारी टोलीद्वारा धार्मिक स्थलको भ्रमण

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ कार्तिक ।

संगम बचत तथा ऋण सहकारी संस्था लि.रामबजार पोखरा १५ का जेष्ठ नागरिकहरुले पोखराकै विभिन्न देवालयहरुमा धार्मिक भ्रमण गरेका छन् । सहकारीका अध्यक्ष निरज थापाको नेतृत्व एवं उपाध्यक्ष दल बहादुर कुँवरको संयोजकत्वमा भएको उक्त भ्रमणमा सहभागी ६५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई पोखरामा रहेका ऐतिहासिक महत्व बोकेका तिर्थस्थलहरु विन्ध्यवासिनी मन्दिर, तालबाराही मन्दिर, केदारेश्वर महादेवमणि, अकलादेवी मन्दिर, राममन्दिर विरौटा लगायत गुप्तेश्वर गुफा, पातले छाँगो र बुद्ध दर्शन रोवोटिक थिएटरको भ्रमण गराइएको हो । विन्ध्यवासिनी



धार्मिक क्षेत्र विकास समितिको तर्फबाट समितिका सचिव तीर्थ श्रेष्ठले जेष्ठ नागरिकहरुलाई स्वागत तथा सम्मान गर्दै मन्दिरको ऐतिहासिक महत्वको बारेमा प्रकाश पारेका थिए । सो अवसरमा समितिका तर्फबाट जलपानको समेत व्यवस्था गरिएको थियो । जेष्ठ नागरिकहरु राष्ट्रका गहना भएकाले उनीहरुको सम्मान र हेरचाह गर्नु सबैको कर्तव्य भएको सहकारीका अध्यक्ष थापाले बताए । सहकारीले गराएको यस भ्रमणले आफूहरुलाई निकै खुसी र रमाइलो अनुभूति भएको जेष्ठ नागरिकहरुले बताएका थिए ।

# दीप साँझ-४ साँस्कृतिक कार्यक्रम हुने

पोखरा १५ कार्तिक ।(गोल्डेन)

दीपावलीको अवसरमा दीप युनाईटेड क्लब पोखरा-१६ले आगामी २५ गते लक्ष्मी पूजाको दिन दीप साँझ-४ साँस्कृतिक कार्यक्रम गर्ने भएको छ । कार्यक्रममा राजु लामा (मंगोलियन हट) र लेकाली ब्यान्डको प्रस्तुति रहने कार्यक्रम संयोजक राजेश गुरुङ(राजु) ले बताए । नेपाली कला र संस्कृति संरक्षण गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको संयोजक गुरुङले भने । दीप युनाईटेडका क्लबका अध्यक्ष मनकाजी गुरुङको अध्यक्षतामा सात सदस्यीय उप-मसमिति चयन गरिएको कार्यक्रम सह-संयोजक सुमन गौचनले बताए । कार्यक्रम उपसमितिमा क्रमशः निमन्त्रणा तथा जनसम्पर्कमा खेमराज आचार्य, अर्थ संयोजकमा पूर्ण बहादुर थापा, टिकट व्यवस्थापन संयोजकमा सुन्दर गुरुङ, प्रायोजक ब्यानर व्यवस्थापनमा रोशन गुरुङ, सुरक्षा व्यवस्थापन संयोजकमा दिलीप गुरुङ, अतिथि सत्कार संयोजकमा लक्ष्मी पुन र उपहानर तथा प्रमाणपत्र संयोजकमा किरण आचार्य रहेका सहसंयाजेक गौचनले जानकारी दिए ।

# खेलाडीलाई थुनामै राख्न आदेश

काठमाडौं १५ कार्तिक ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल मिलोमतो 'म्याच फिक्सिङ' गरेको आरोपमा पक्राउ परेका फुटबल खेलाडीलाई विशेष अदालत काठमाडौंले अनुसन्धानका लागि थप सात दिन हिरासतमा राख्न आदेश दिएको छ । विशेष अदालतका कर्मचारी रामप्रसाद फुयाँलले जानकारी दिए ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा म्याच फिक्सिङ गरेको आरोपमा प्रहरीले गत असोज २७ गते राष्ट्रिय टोलीका कप्तान सागर थापा, उपकप्तान सन्दीप राई, गोलकिपर रितेश थापा, विकासिंह क्षेत्री र प्रशिक्षक अन्जन केसीलाई पक्राउ गरेको थियो । प्रहरीले कप्तान थापालाई थापाथली, गोलकिपर थापा र राईलाई बालुवाटार तथा क्षेत्री र केसीलाई जावलाखेलबाट पक्राउ गरेको थियो । उनीहरूमाथि इराक, फिलिपिन्स, अफगानिस्तान, कुवेतलगायत राष्ट्रमा भएका प्रतियोगितामा मिलोमतोमा खेल खेलेको आरोप छ ।

राज्यविरुद्धको अपराधमा मुद्दा दर्ता गरेको प्रहरीले अनुसन्धानका लागि भन्दै आठ दिन समय मागेको थियो । तर बहसपछि विशेष अदालतले यही असोज १४ गतेदेखि लागू हुने गरी सात दिनका लागि समय थप गरेको विशेष अदालतका कर्मचारी रामप्रसाद फुयाँलले जानकारी दिए ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा म्याच फिक्सिङ गरेको आरोपमा प्रहरीले गत असोज २७ गते राष्ट्रिय टोलीका कप्तान सागर थापा, उपकप्तान सन्दीप राई, गोलकिपर थापा र केसीलाई जावलाखेलबाट पक्राउ गरेको थियो । उनीहरूमाथि इराक, फिलिपिन्स, अफगानिस्तान, कुवेतलगायत राष्ट्रमा भएका प्रतियोगितामा मिलोमतोमा खेल खेलेको आरोप छ ।

# पोखरा वृद्धाश्रममा दन्तशिविर

पोखरा १५ कार्तिक ।

गैरसरकारी संस्था हिमालयन् प्रोजेक्टले पोखरा बृद्धाश्रममा १ दिने दन्त शिविर सम्पन्न गरेको छ । पोखरा बृद्धाश्रममा बेल्जियमा दन्त चिकित्सक जान डाहोल सहितको टोलीले शिविर सम्पन्न गरेको हो । शिविरमा किराले खाएको भर्न मिल्ने खालका दात भर्ने तथा किराले खाएका र दुखाई बढी हुने खालका विरामीको दातलाई उखालिएको थियो । शिविरमा ४० जनाले दाँतको परिक्षण गरेका थिए । उमेर ढल्कदै जाँदा दातमा बढी समस्या हुने चिकित्सक डाहोलले जानकारी दिए । भुकम्पका बेला समेत गोर्खा लगायतका विभिन्न जिल्लामा स्वास्थ्य शिविरमा सहभागी डाहोलले पोखरा निकै सुन्दर लागेको प्रतिक्रिया दिए । पोखरा बृद्धाश्रममा असहाय रे बेवारिसे अवस्थाका ज्येष्ठ नागरिकहरु बसोबास गर्दै आएका छन् । बृद्धाश्रममा लायन्स क्लब अफ मुनाल, शान्ति दीप अभियान तथा मनिपाल अस्पतालको सहकार्य र स्वयंसेवी डा.अमृत घिमिरेबाट हरेक १५ दिनमा स्वास्थ्य परीक्षण हुँदै आएको छ । यस महिनाको स्वास्थ्य परिक्षण कार्यक्रम भने इन्धन अभावका कारण प्रभावित बनेको थियो । बेल्जियमका पाउल भान्डी मुर्तिलले स्थापना गरेको हिमालयन् प्रोजेक्टले विभिन्न परोपकारी काम गर्दै आएको छ ।


## विदेश जानेहरूका लागि सुवर्ण अवसर

**Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security** कम्पनीहरुमा जान चाहेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरु :-** अन्तर्वार्ता ग्यारेण्टी गाइडेन्स छ ।

✧शतप्रतिशत उत्तीर्ण गराउन सफल ✧आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।

✧१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

## अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department **एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।**

२. Dubai को DPS **आवुधावीको** PSBD **कतारको** Grup4 **मकाउ, बहराइन, मलेसिया एवं** Europe, America **का** deplomatic Security **तालिम छुट्टा-छुट्टै दिइने ।**

३. **व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।**

४. **शान्त वातावरणमा फराकिलो** Classroom **मा** Securrity **गार्डको** Theory & Practical **गराइने ।**

५. **अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।**

६. Interview **का लागि तयारी बनाउने ।**

७. **तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।**

८. **विदेश जान इच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।**

९. **नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गाड उपलब्ध गराइने ।**

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३७७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)


## कर्मचारी आवश्यकता

**पोखरामा संचालित एक प्रतिष्ठित सहकारीका लागि निम्न कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।**

| पद | संख्या | योग्यता |
|---|---|---|
| मेनेजर | १ जना | BBS उत्तीर्ण |
| सहायक म्यानेजर | १ जना | BBS वा सो सरह |
| रिसेप्सनिष्ट | १ जना | +२ उत्तीर्ण |

सम्पर्क : ९८४६२५०४२७, ९८५६०२०६४७

## खुशीको खबर !




के तपाईलाई लागोभागो भई छेवमेह गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुकी, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र ज़ठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५५


Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उतिर्णपछि apply गर्न सकिने
2. Part Time Job म्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicatline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternationaledu.cons@gmail.com


## हार्दिक समवेदना



जन्म:
वि.स.२००६/०१/०६ गते

स्वर्गारोहण
वि.स.२०७२/०७/०८ गते

**स्व. नारायणी बजगाँई**

**यस समाजका सदस्य राजेन्द्र बजगाँई, हरिकृष्ण बजगाँई, सीता तिवारी बजगाँईकी ममतामयी आमा नारायणी बजगाँईको असामयिक स्वर्गारोहण भएको हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**बजगाँई बन्धु समाज परिवार**
कालिका, कास्की

# पोखराका विद्यार्थीहरु अनलाइन कोर्षप्रति आकर्षित

## विभिन्न विद्यालयका विद्यार्थीहरुलाई अनलाइनकोर्ष कार्यशाला

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**

संसारका विभिन्न प्रसिद्ध विश्वविद्यालयबाट निःशुल्करुपमा अनलाइन कोर्ष लिएर आफ्नो दक्षता र क्षमता अभिबृद्धि गर्ने तर्फ पोखराका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले चासो देखाउन थालेका छन् । सन् २००८ मा खुल्ला अनलाईन कोर्षको शुरुवात भएकोमा सोही वर्ष विश्वका विभिन्न मुलुकबाट २ हजार २ सय जनाले सहभागिता जनाएको र १५० जनालेमात्र अनलाइन कोर्ष उत्तीर्ण गरेको भएपनि हाल विश्वका दर्जनौं विश्वविद्यालयले विभिन्न विषयमा अनलाइन कोर्ष संचालन गर्न थालेको र करिब १० लाख विद्यार्थीहरु सहभागी भएको भएपनि १० प्रतिशत भन्दा कमलेमात्र कोर्ष पुरा गरि प्रमाणपत्र पाउने गरेका छन् । तर नेपालबाट अनलाइन कोर्ष लिने विद्यार्थीहरुको संख्या अन्य विकसित मुलुकको तुलनामा ज्यादै न्यून छ । यसै सन्दर्भलाई मध्य नजर गर्दै पोखराको मदरल्याण्ड उच्च माविका अंग्रेजी विषयका शिक्षक बामन कुमार घिमिरेले अनलाइन कोर्ष सम्बन्धी अभियान आफ्नो विद्यालय र अन्य विद्यालयमा पनि संचालन गरेका छन् । करिब ८ महिनाको अवधिमा उनले आफ्नै विद्यालय मदरल्याण्डमा अध्ययन गर्ने करिब ८० जना विद्यार्थीहरुलाई अनलाइन कोर्षमा सहभागी गराउन सफल भएका छन् । जसमध्ये विद्यार्थीले करिब १२ वटासम्म अनलाइन कोर्ष पुरा गरि सम्बन्धित विश्वविद्यालयबाट प्रमाणपत्र समेत प्राप्त गरेका छन् ।

पाँचवटा भन्दा बढी प्रमाणपत्र प्राप्त गर्नेहरुमा सगुन पराजुली, आशिष अधिकारी, प्रवेश पहारी, विनिता अधिकारी, विवेक बराल, बादल त्रिपाठी, पवन लम्सालेलगायत रहेका छन् । मदरल्याण्डमा अध्ययन गर्ने विद्यार्थीहरुले एक सय भन्दा बढी प्रमाणपत्र प्राप्त गरिसकेको शिक्षक घिमिरेले बताए । आफ्नो विद्यालयसँगै पोखराका अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र शिक्षकहरुलाई सहभागी गराएर उनले दुई दिने कार्यशाला समेत सम्पन्न गरे । विभिन्न गुणस्तरीय विषयगत ज्ञान प्राप्त गर्ने, विश्वव्यापी मित्रता विकास गर्ने, सांस्कृतिक समझदारी बढाउने उद्देश्यका साथ मदरल्याण्ड उच्च माविको व्यवस्थापनमा दुईदिने कार्यशाला शनिवार सम्पन्न भएको हो । घरमा इन्टरनेटको पहुँच हुने व्यक्तिहरुले यसको सदुपयोग गरी यथेष्ट फाइदा लिन सक्ने जानकारी कार्यक्रममा दिइएको थियो ।


अनलाइनकोर्ष कार्यशालामा सहजीकरण गर्दै शिक्षक बामनकुमार घिमिरे । तस्वीर : गोल्डेन न्यूज दैनिक

नेपालमा इन्टरनेटको पहुँच बढ्दै गएको र घर-घरमा इन्टरनेट सुविधा हुँदा विद्यार्थी र विशेषगरि नवयुवाहरु फेसबुक लगायतका सामाजिक सञ्जालमा लागेर घण्टौं समय खर्च गर्ने र विकृति विसंगति बढेको महसुस गरि अनलाइन कोर्ष तर्फ विद्यार्थीहरुलाई अभिप्रेरित गर्न थालेको शिक्षक घिमिरेले गोल्डेन न्यूज दैनिकसंग भने । यसका साथै विद्यार्थीहरुमा अंग्रेजी भाषाको विकास गर्नका लागि पनि अनलाइन कोर्ष उपयोगी हुने उनले बताए ।

कार्यक्रमका प्रशिक्षक तथा प्रमुख सन्झकर्ता बामनकुमार घिमिरेका अनुसार नेपालको पाठ्यक्रमसँग सम्बन्धित यस्ता ५/६ हप्ते कोर्षहरुका लागि प्रति हप्ता आफ्नो अनुकूलअनुसार करिब तीन घण्टा दिन सके पुरा हुने र निःशुल्क प्रमाणपत्र समेत पाइने भए पनि यसतर्फ नेपालीको चासो कम देखिएको छ । शुक्रबार कार्यशालाको उद्घाटन समारोहमा बोल्दै प्रमुख अतिथि उच्च मावि शिक्षा परिषद् क्षेत्रीय कार्यालय पोखराका प्रमुख अशोक न्यौपानेले अहिलेको बर्दलिदो परिवेशमा अनलाइन शिक्षा निकै नै प्रभावकारी बन्न सक्ने बताए । उनले अनलाइन शिक्षा पद्धतिलाई सार्वजनिक विद्यालयतर्फ पनि विस्तार गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा गोल्डेन न्यूज दैनिकका प्रधान सम्पादक तथा रासस बोर्ड सदस्य गंगाधर पराजुलीले विधागत अध्ययनमात्र नभएर शिक्षामा विशिष्टिकरण भइरहेको अवस्थामा अनलाइन कोर्षलाई विद्यालयको पाठ्यक्रम संगसंगै लैजान सके विद्यार्थीहरुको क्षमता अभिबृद्धि हुने बताए । नेपालमा अझैपनि शैक्षिक प्रमाणपत्रमा लेखिएको अंकका आधारमा व्यक्तिको क्षमता मूल्याङ्कन हुने गरेको भन्दै उनले विश्वव्यापी करण संगै शैक्षिक प्रमाणपत्र भन्दा अनलाइन कोर्षको प्रमाणपत्र प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

विद्यालयका अभिभावक समेत रहेका नेपाल प्रेस युनियनका गण्डकी संयोजक टंकराज अधिकारीले विद्यार्थीहरुलाई अनावश्यक क्रियाकलापमा लाग्नबाट जोगाउन पनि अनलाईन शिक्षा उपयोगी हुने बताए । युएस अलुम्नाइसहित पोखरा उपत्यकाका १६ विद्यालयका प्राचार्य, शिक्षक र विद्यार्थी गरी ७० जनाको सहभागिता रहेको दुई दिने कार्यशाला सम्पन्न गर्न अमेरिकी सरकारबाट प्राप्त अवार्ड नै सहायक सिद्ध भएको शिक्षक घिमिरे बताउँछन् ।

कार्यशालाको उद्घाटन तथा समापन समारोहको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद बरालले गरेका थिए भने व्यवस्थापना नेल्टा कास्की र टेलनेट कम्युनिकेसन्स प्रा लि पोखराको समेत सहयोग थियो ।

समापन समारोहका प्रमुख अतिथि कास्कीका जिशिअ विष्णुप्रसाद अधिकारीले गुणस्तरीय शिक्षा हासिल गर्नका लागि आफूलाई कक्षाभित्रका गतिविधिमा मात्र सीमित नगराई अतिरिक्त ज्ञानका स्रोतको पहिचान गरी तिनको सदुपयोग गर्नुपर्ने तर्फ सजग हुनुपर्नेमा जोड दिएका थिए । विशेष अतिथि अमेरिकी सरकारका प्रतिनिधि एलेक्स लाउरीले अनलाइन कोष तालिमले अँग्रेजी भाषाको विकासमा महत्वपूर्ण टेवा मिल्ने बताए । कार्यशालामा मदरल्याण्ड उच्च माविमा अध्ययनरत मध्येबाट ५ वटा भन्द बढी अनलाइन कोर्षको प्रमाणपत्र प्राप्त गर्न सफल भएका विद्यार्थीहरुलाई सम्मान गर्नुका साथै मायाको चिनो समेत प्रदान गरिएको थियो ।

# कांग्रेसमा १३औं महाधिवेशनको तयारी शुरु

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं १५ कार्तिक ।**

नेपाली कांग्रेसले आगामी फागुन महिनामा तय गरिएको आफ्नो १३ औं महाधिवेशन गर्नका लागि विभिन्न सात वटा समिति गठनको प्रस्ताव गरेको छ। पार्टी महामन्त्री कृष्णप्रसाद सिटौलाले आइतबार पार्टी मुख्यालय सानेपामा बसेको केन्द्रीय समितिको बैठकमा महाधिवेशन गर्नका लागि सात वटा समिति गठनको प्रस्ताव गरेका हुन्। महामन्त्री सिटौलाले पार्टी सभापति सुशील कोइरालाको संयोजकत्वमा मूल समारोह, उपसभापति रामचन्द्र पौडेलको संयोजकत्वमा नीति तथा कार्यक्रम, आनन्दप्रसाद ढुंगानाको संयोजकत्वमा विधान मस्यौदा, बलबहादुर केसीको संयोजकत्वमा आवास तथा व्यवस्थापन, डा. मिनेन्द्र रिजालको संयोजकत्वमा प्रचार प्रसार, भिमसेनदास प्रधानको संयाजकत्वमा खाद्य र नारायण कोइरालाको संयोजकत्वमा स्वयम्सेवक परिचालन समिति गठनको प्रस्ताव गरेको छ। पार्टी महामन्त्री कृष्णप्रसाद सिटौलाले प्रस्ताव राख्नासाथ केन्द्रीय सदस्यहरुले पार्टीका शीर्ष नेताहरुको आलोचना सुरू गरे।

उनीहरुले शीर्ष नेताहरुको गलत निर्णयका कारण सरकारबाट बाहिर बस्न बाध्य भएको पार्टीले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखको पद पनि गुमाएको भन्दै नेतृत्वको आलोचना गरेका हुन्। उनीहरुले सरकार गठन तथा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा पार्टीका तीन शीर्ष नेताले प्रष्ट पार्नु पर्ने माग गरे। संसदको सबैभन्दा ठुलो दल कांग्रेसले प्रधानमन्त्री, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा पराजय व्यहोरेको थियो। केन्द्रीय सदस्यहरुले पछिल्लो राजनीतिक अवस्थाबारे शीर्ष नेताहरुले लिखित धारणा पेश गरेपछि मात्र प्रस्तावमाथि छलफल गर्नु उपयुक्त हुने बताएपछि तथा पार्टी सभापति सीशिल कोइराला र वरिष्ठ नेता शेरबहादुर देउवा पूर्वप्रधानमन्त्रीको हैसियतमा उपराष्ट्रपतिको सपथग्रहण समारोहमा सहभागी हुनुपर्ने भएपछि बैठक सोमबार सम्मका लागि स्थगित गरिएको छ।

# कालोबजारी मौलाएकोप्रति राप्रपाको ध्यानाकर्षण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**

राप्रपा नेपाल कास्कीले देशमा विद्यमान भारतको अघोषित नाकाबन्दीका कारण सृजित समस्याको कारण इन्धनको आपूर्तिमा सहजता नभएको र भइरहेको इन्धनको पनि समानरुपले वितरणमा कालोबजारी मौलाएको प्रति ध्यानाकर्षण गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर राउत र सह-क्षेत्रीय प्रशासक दिवाकर वांस्तोलालाई ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्रमा छिमेकी राष्ट्र भारतबाट पेट्रोलियम पदार्थ लगायत अतिआवश्यक दैनिक उपभोग्य वस्तुहरुमा अघोषित नाकाबन्दीको कारण सर्वसाधारण नागरिकहरु जीवनयापत अत्यन्त कष्टकर बनेको जनाउँदै सीमित मात्रामा भित्रिएका वस्तुहरु पनि राजधानी केन्द्रित भएको हुँदा नेपालको पर्यटकको राजधानी पोखरा र यहाँको जनघनत्वको आधारमा नेपाल भित्रिएको वस्तुहरु समानुपातिक ढंगबाट उपलब्ध गराउन राप्रपा नेपाल कास्कीको ध्यानाकर्षण भएको जनाएको छ। केन्द्रीय सदस्य तथा अञ्चल संयोजक रमेश बहादुर भट्टराईको नेतृत्वमा राप्रपा नेपाल कास्की ज्ञापनपत्र बुझाउन पुगेको थियो । उक्त अवसरमा जिल्ला अध्यक्ष जयलाल पुन, प्रशिक्षण विभाग केन्द्रीय सदस्य बरुण विक्रम राणा, जिल्ला उपाध्यक्षहरु भोलाजंग सुवेदी, प्रेम मल्ल, भीम भण्डारी, कोषाध्यक्ष धर्मेन्द्र थापा लगायत पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । साथै जिल्ला तथा क्षेत्रमा मात्र दबाव दिएर नहुने निष्कर्ष सहित सोमबार केन्द्रीय सदस्य तथा अञ्चल संयोजक रमेश बहादुर भट्टराईको नेतृत्वमा प्रधानमन्त्री, परराष्ट्र मन्त्री र आपूर्ति मन्त्रि लगायत सम्बन्धित निकायमा दबाव स्वरुप ज्ञापनपत्र बुझाउन काठमाडौं जाने जिल्ला अध्यक्ष जयलाल पुनले बताए ।

वैकल्पिक उर्जाको रुपमा रहेको विद्युतको आपूर्ति काठमाडौंमा नियमित रुपमा भइरहेको तर पर्यटनको राजधानीको रुपमा रहेको पोखरा लगायतका क्षेत्रमा लोडसेडिङ वृद्धि गर्दै लगेकोमा समेत ध्यानाकर्षण गराउँदै यस क्षेत्रमा समेत लोडसेडिङमुक्त बनाई इन्धनको चरम संकटको बेलामा केही राहत दिन सकिने जिल्ला अध्यक्ष पुनले बताए ।

# पोखराबाट करॉतेका खेलाडी छनौट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**

सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि हुने क्षेत्रीय प्रतियोगिताका लागि कास्की जिल्ला खेलकुद विकास समितिले आइतबार सितेरियो करॉते खेलका खेलाडी छनोट गरेको छ । छनोट अन्तर्गत आइतबार पोखरा रंगशालामा भएको पुरुष खेलमा महिला ६१ केजीमा रेनु पुन, ४५ केजीमा सम्झना शाही, ५० केजीमा सपना शाही र ५५ केजी तौलमा पवित्रा वि.क छनोट भएका छन् । त्यस्तै पुरुष तर्फ ५० केजीमा लुकमान गुरुङ, ५५ केजीमा कृष्ण के.सी, ६० केजीमा तीलक पुन, ६७ केजीमा दिपक पुन, ७५ केजीमा कृष्ण तामाङ, ८४ केजीमा विवेक क्षेत्री र ८४ केजीमै जीवन मल्ल छनोट भए । यता पुरुष एकल कातामा विष्णु नेपाली र महिला एकल कातामा विमला नेपाली छनोट हुन सफल भए भने टीम काता पुरुषमा विष्णु नेपाली, तिलक पुन र पुजन नेपाली छनोट हुदाँ महिला टीम कातामा विमला नेपाली, अनिता थापा र रोशनी पुन छनोट भएको कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले जानकारी दिए । छनोट खेलको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल, जिल्ला अध्यक्ष यामबहादुर गुरुङ र कोषाध्यक्ष दिपकबहादुर गोदारको उपस्थिति रहेको थियो ।

# विमर्श पत्रकारिता सुवेदीलाई

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**



पोखरा विमर्श पत्रकारिता पुरस्कार २०७१ बाट विनु सुवेदी सम्मानित हुने भएकी छन् । पत्रिकाका संस्थापक पदम राज घिमिरे उदासीद्वारा स्थापित यो पुरस्कारले पहिलो पटक सुवेदी सम्मानित हुन लागेकी हुन् । पोखरा विमर्शले आफ्नो स्थापनाको आठौं वर्ष प्रवेशको अवसर पारेर उक्त पुरस्कार प्रदान गर्न लागेको हो । स्याङ्जा एफएमबाट २०७० सालमा समाचारवाचकको रुपमा पत्रकारीता सुरु गरेकी सुवेदी हाल पोखराको फेवा टेलिभिजनमा समाचार कक्षमा कार्यरत रहेकी छन् । मुख्यतया फिल्डमा कियाशिल पत्रकारहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले पोखरा विमर्श साप्ताहिकद्वारा प्रदान गरिने पुरस्कारको राशी ५ हजार ५ र सम्मानपत्र रहेको छ । हरेक वर्ष प्रदान गरिने यो पुरस्कार कास्कीमा कियाशिल पत्रकारहरुलाई प्रदान गरिने पत्रिका प्रकाशक राजेश पराजुलीले बताए । हाल पोखरा विमर्श साप्ताहिक नयाँ व्यवस्थापन मा कृष्ण अन्जान ज्ञावालीको प्रधान सम्पादक रहने गरी प्रकाशन भइरहेको छ ।

# कुँवर समाजले भवन निर्माण गर्ने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १५ कार्तिक ।**

कुँवर समाज नेपाल जिल्ला कार्यसमिति कास्कीको हालै बसेको सल्लाहकार सहितको पूर्ण बैठकले अब छिट्टै नै कास्की जिल्लामा बहुउद्देश्यीय सामाजिक भवन (समाजघर) निर्माण गर्ने भएको छ। समाज संचालनका लागि समाजघरको महत्वपूर्ण आवश्यकता औल्याउँदै बैठकले उक्त निर्णय गरेको हो ।

सो अवसरमा आफ्ना भनाई राख्दै कुँवर समाज नेपालका संरक्षक छविलाल कुँवरले समाजघर निर्माणले कुँवर बन्धुहरुको एकता अझ मजवुत हुँदै जाने भएकोले समाजघर बनाउने आफ्नो धेरै अघिको इच्छा अब पूरा हुन लागेकोमा खुसी व्यक्त गर्दै आफ्नो तर्फबाट पूर्ण सहयोग गर्ने बताए । बैठकले बहुउद्देश्यीय सामाजिक भवन निर्माणका लागि ललित बहादुर कुँवरको अध्यक्षतामा ९ सदस्यीय भवन निर्माण समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा क्या.हरिकृष्ण कुँवर, सचिवमा तिलक कुँवर, कोषाध्यक्षमा बुद्धिमान कुँवर र सदस्यहरुमा बुद्धि बहादुर कुँवर, ढक बहादुर कुँवर, नर बहादुर कुँवर, निम बहादुर कुँवर र मनु कुँवर रहेका छन् । त्यसैगरी अर्थ संकलन समितिको संयोजकमा छविलाल कुँवर, सह-संयोजकमा भुपटबहादुर कुँवर र सदस्यहरुमा निरज कुँवर, मे.विष्णु बहादुर कुँवर, लाल बहादुर कुँवर, बुद्धिमान कुँवर, रुद्रलाल कुँवर, देवनाथ कुँवर र नारायणी कुँवर रहेका छन् ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

# मधेशी दलहरु सकारात्मक

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं १५ कार्तिक ।**

सरकारले मधेशवादी दलहरुले उठाउँदै आएको प्रदेशको सीमांकनको विषय राजनीतिक सहमतिका दुंग्याउने प्रतिबद्धता जनाएको छ । संघीय समाजवादी फोरम नेपालको कार्यालयमा आइतबार अपराह्न बसेको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँगको वार्तामा सरकारी वार्ता टोलीले सीमांकन हेरफेरको माग राजनीतिक सहमतिका आधारमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएको हो। सरकारी वार्ता टोलीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस वार्ता समितिमा नभएकाले सीमांकनको विषयमा सरकारले मात्र निर्णय गरेर नहुने भन्दै राजनीतिक सहमति गरी संवैधानिक प्रक्रियाबाट समाधान खोज्ने प्रस्ताव स्वीकार गर्न आग्रह गरेको छ।

सरकारी प्रस्तावलाई मोर्चाले सकारात्मक रुपमा लिएको छ। मोर्चाका नेताहरुले राजनीतिक सहमति गरेर सीमांकन हेरफेर गर्ने निर्णय सकारात्मक भएको बताएका छन्। उनीहरुले सरकारी प्रस्तावले वार्तालेसकारात्मक रुप लिने आशा जागेको भन्दै सरकारी प्रस्तावका विषयमा मोर्चाको शीर्ष तहमा छलफल गर्ने बताए। मोर्चाका नेताहरुले सरकारी प्रस्तावका विषयमा गृहकार्य गर्न समय मागेपछि २ घण्टा लामो वार्ता फेरि बस्ने गरी टुंगिएको छ। मोर्चाले माग सम्बोधन नभएसम्म आन्दोलन भने फितां नलिने बताएको छ। मोर्चाले आइतबार नै जनकपुरमा पत्रकार सम्मेलन गरी आमडाँडाल, सीमा क्षेत्रमा अवरोध लगायतका विरोध कार्यक्रमलाई थप प्रभावकारी बनाउने बताएको छ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

STUDY IN JAPAN
January/April intake 2016
➔ High Visa Success rate
➔ NAT/JLPT Optional
➔ Audio/ Video को माध्यमबाट पढाइ
➔ College/ City of your Choice
➔ Free language / Documentation
➔ हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
➔ Gap भएकाले पनि Apply गर्न मिल्ने
➔ जापानमा आफ्नै Hostel र अफिस भएको
कक्षाहरु घमाघम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क
पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

Ark को साथमा दर्शैंको बहार
ark smartphones
नेपालीहरुको उमंगमय चाड बडा दर्शैंको अवसरमा Ark Smartphone को खरिद गरी प्राप्त गर्नुहोस् पक्का उपहार ।
Free Item
❖Flip Cover
❖Screen Guard
EDGE A5HD
1.3 GHz Quad Core Processor
Dual SIM Dual Standby
3 MP Front, 13 MP Rear Camera with Auto Focus & Flash
5.0" HD Display
OTG support
Available Color
Rs. 12,490/- Himstar Steam Iron Worth NPR 1250/-
Rs. 9,190/- Timex Watch worth NPR 2500/-
Rs. 7,790/- Timex Watch worth NPR 2500/-
Rs. 6,090/- Himstar Dry Iron Worth NPR 990/-
iCON R45
1.3 GHz Quad Core Processor
Dual SIM (3G + 2G)
1.3 MP Front, 5.0 MP Rear Camera with Auto Focus & Flash
4.5" IPS Display, OTG support
Available Colors
iCON R40+
1.3 GHz Quad Core Processor
Dual SIM (3G + 2G)
1.3 MP Front, 5.0 MP Rear Camera with Flash
4.0" IPS Display, OTG support
Available Colors
STORM K40
1 GHz Dual Core Processor
Dual SIM (3G + 2G)
1.3 MP Front, 3.0 MP Rear Camera with Flash
4.0" WVGA Display
Available Colors
मोवाइल पाइने स्थानहरु :
हंसपुर मोवाइल (चिप्लेढुंगा), कृश्मा मोवाइल (पंथीगल्ली), ए टु सतौंचण्डी (चिप्लेढुंगा), न्यु सिटी सेन्टर (चिप्लेढुंगा), कालिका इम्पेक्स (चिप्लेढुंगा), रेजिना एम्पेक्स (चिप्लेढुंगा), टिएन इन्टरप्राइजेज (पृथ्वीचोक), ए डिजिटेक(पृथ्वीचोक), देउराली मोवाइल (पृथ्वीचोक), पौडेल मोवाइल (पृथ्वीचोक), पौडेल ब्रदर्श (पृथ्वीचोक, दाजुभाइ इलेक्ट्रोनिक्स (पृथ्वीचोक), केदार मोवाइल (पृथ्वीचोक), मनोकामना इलोक्ट्रोनिक्स (न्यूरोड), रामकाजी इलोक्ट्रोनिक्स (न्यूरोड), द सेल सिटी (न्यूरोड), पाण्डे मोवाइल एण्ड टेलिफोन (महेन्द्रपुल), सिकों टाइम (महेन्द्रपुल) किरण मोवाइल (महेन्द्रपुल), सुपर वाच एण्ड मोवाइल (महेन्द्रपुल), खरेल मोवाइल (महेन्द्रपुल), आर.डि.एस मोवाइल (महेन्द्रपुल), शुभ लक्ष्मा मोवाइल (नयाँबजार), न्यु फ्रेण्डशिप मोवाइल (जिरोकिमी), सिद्धार्थ मोवाइल (सिद्धार्थचोक), विन्ध्यवासिनी मोवाइल (विन्ध्यवासिनी), साहीखोला मोवाइल (विन्ध्यवासिनी), टि.आर.सी. मोवाइल (विन्ध्यवासिनी), मौला घडि रेडियो(ट्यावसीचोक), गौतम इलोक्ट्रोनिक्स (ट्रेडिडेल) रुपा कम्युनिकेशन (तेर्सापट्टी), रोनित मोवाइल (तेर्सापट्टी), दया इलोक्ट्रोनिक्स (बाग्लुङ बसपार्क), मोखोली मोवाइल (लेकसाइड), नमस्ते मोवाइल (विरौटा)
Regional Distributors (Gandaki-Dhaulagiri)
Aakura Trade Link
Chipledhunga, Pokhara, Phone :061-535679, 540398, Email: aakuratradelink@gmail.com

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५३२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा